कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४ (नगर प्रहरी तथा विपद् व्यवस्थापन शाखा)
च.नं.:

मितिः-२०८३/०६/०७ गते

## सम्भावित भारी वर्षा र विपद् सम्बन्धी पुर्वसतर्कता अपनाउने सम्बन्धी अत्यन्त जरुरी सुचना

जल तथा मौसम विज्ञान विभाग एवं राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणको विशेष मौसमी बुलेटिन अनुसार आगामी असोज ९ गते शुक्रवारदेखि असोज ११ गते आइतबारसम्म लुम्बिनी प्रदेश लगायतका क्षेत्रहरुमा मेघगर्जन/चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको छ। बाँके जिल्ला तथा यस कोहलपुर नगरपालिका क्षेत्रमा पनि सम्भावित वर्षाका कारण नदी-खोलामा जलस्तर बढ्ने, डुबान हुने तथा बाढीको जोखिम हुन सक्नेभएकोले सम्पुर्ण नगरवासीहरुमा पुर्वतयारी तथा उच्च सतर्कता अपनाउन नगरपालिका हार्दिक अपिल गर्दछ।

### अपनाउनुपर्ने मुख्य सतर्कता तथा पुर्वतयारीहरु:

१. वर्षाको समयमा अत्यन्त जरुरी नभई टाढा वा रातिको समयमा यात्रा नगर्ने।
२. आकस्मिक बाढी आउन सक्ने सम्भावना भएकाले डुडुवा खोला, रोहिणी खोला, ईटा नाला, रानिघाट खोला, किरण नाला लगायतका खोला तथा साना खोला नजिक बस्ने बासिन्दाहरु उच्च सतर्कताका साथ रहने।
३. जोखिमयुक्त स्थान तथा डुबान हुनसक्ने क्षेत्रका व्यक्ति एवं परिवारहरु सुरक्षित स्थानमा रहने।
४. नेपाल मौसम विज्ञान विभाग र प्राधिकरणबाट जारी हुने अद्यावधिक पुर्वानुमान/पुर्व सुचना/चेतावनी सम्बन्धी जानकारी निरन्तर रुपमा लिइरहने।
५. विपद् सम्बन्धी जानकारी कोहलपुर नगरपालिका आपतकालिन सम्पर्क सञ्जाल Whatsapp Group मा राखिने भएको हुंदा उक्त सञ्जालमा जोडिई नियमित हेर्ने।

### विपद् परेमा वा आपतकालिन अवस्थामा सम्पर्क नम्बरहरु:

१. वर्षा र बाढी सम्बन्धी जानकारी-११५५
२. विपदमा मद्दत माग्न-१२३४
३. नेपाल प्रहरी (हटलाइन)-१००
४. सशस्त्र प्रहरी बल (हटलाइन)-११४
५. नगर प्रहरी कोहलपुर- ९८५८०३४६५०, ९८५८०१४१११

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत